नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

मितिः २०७८।०३।२३

## प्रेस विज्ञप्ती

**चितवन रत्ननगर -८ स्थित शिवशक्ति खाद्य उद्योग प्रा.लि. (स्थायी लेखा नं. ३००१५३२७३) का संचालक दिनेश कुमार अग्रवाल समेत ३ जनाले राजस्व चुहावट गरेको अभियोगमा रु. ९,२७,३७,५६०।- (अक्षरेपी नौ करोड सत्ताईस लाख सैतीस हजार पांच सय साठ्ठी मात्र) विगो असुल गरी जरिवाना र कैद सजाय मागदावी लिई मिति २०७८।०३।२३ गते श्री उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।**

शिवशक्ति खाद्य उद्योग प्रा.लि. (स्थायी लेखा नं. ३००१५३२७३)का **संचालकद्वय दिनेश कुमार अग्रवाल र सिमा अग्रवाल तथा** थपलिया ट्रेड सप्लायर्स (स्थायी लेखा नं.: ६०६२५७६७७) का प्रोपाईटर **राम प्रसाद थपलियाले** बास्तविक खरिद तथा विक्री नदेखाई मूल्य अभिवृद्धि कर, लाभांश कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको पाइयो । प्रतिवादीहरुले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संशोधन -२०७६) को दफा ३ ले निषेधित, सोही ऐनको दफा ४ को खण्ड (क), (ख) र (छ) बमोजिम कसुर गरेको ठहर गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संशोधन -२०७६) को दफा २(छ१) बमोजिम मू.अ.कर तर्फ रु. ६,८६,०७,२५३।-र आयकर तर्फ रु. २,४१,३०,३०७।- समेत कूल जम्मा विगो **रु.९,२७,३७,५६०।- (अक्षरेपी नौ करोड सत्ताईस लाख सैतीस हजार पांच सय साठ्ठी मात्र)** कायम गरी प्राप्त सवै सवुद प्रमाणबाट राजस्व चुहावट गरेको कसुर स्थापित हुन आएकोले उक्त फर्मको संचालकहरु तथा प्रोप्राइटरलाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संशोधन -२०७६)को दफा २३(१), २३(१) को खण्ड (घ) र २३ (४) वमोजिम विगो रकम **९,२७,३७,५६०।-** असुल उपर गरी जरिवाना र कैद सजाय हुन मागदावी लिई मिति २०७८।०३।२३ गते श्री उच्च अदालत पाटन ललितपुरमा मुद्दा दायर गरिएको।

**सूचना अधिकारी**

**राजस्व अनुसन्धान विभाग**